खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे,ओखलढुंगा
१ नं. प्रदेश नेपाल

# स्थानीय राजपत्र

खण्ड ४ संख्या २ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०६/२५

भाग २

## खिजीदेम्वा गाउँपालिकाको दिगो विकास तथा सुशासन निर्देशिका, २०७७

**प्रस्तावना :**

यस खिजीदेम्वा गाउँपालिकाको विकास निर्माण तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि नेपाल सरकार तथा मातहतका मन्त्रालय, विभाग र सवैधानिक निकायहरु तथा सम्बन्धित निकायहरुबाट जारी ऐन, नियम, कानून तथा यस खिजीदेम्वा गाउँपालिकाबाट जारी गरिएका विभिन्न ऐन, नियम, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन गरी गराई खिजीदेम्वा गाउँपालिकामा दिगो विकास तथा सुशासन कायम गराउन वाञ्छनिय भएकाले खिजीदेम्वा गाउँपालिका ओखलढुंगाको प्रशासकीय कार्यविधि( निममित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको दिगो विकास तथा सुशासन निर्देशिका, २०७७ जारि गरिएको छ ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/१३, प्रमाणिकरण मिति : २०७७/०६/१९**

### परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "खिजीदेम्वा गाउँपालिकाको दिगो विकास तथा सुशासन निर्देशिका, २०७७" रहेको छ ।

**(२)** यो निर्देशिका खिजीदेम्वा गाउँ कार्यपालिकाले खिजीदेम्वा गाउँपालिकाको राजपत्रमा प्रकाशन गरी तोकेको, तोकिएको मिति देखि लागु हुने छ ।

**२.परिभाषा:** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) " **कार्यालय** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) " **शाखा** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) " **वडा कार्यालय** " भन्नाले यस खिजीदेम्वा गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) " **अध्यक्ष** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) " **उपाध्यक्ष** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) " **कार्यपालिका सदस्य** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) " **प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस निर्देशिकाले तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्नेछ ।

(ञ) " **निर्देशिका**" भन्नाले "**दिगो विकास तथा सुशासन निर्देशिका, २०७७**" सम्झनु पर्नेछ ।

# परिच्छेद २

### ३. यस निर्देशिका बमोजिम कार्य गर्नुपर्ने :

खिजीदेम्वा गाउँपालिका तथा मातहतका सबै बिषयत शाखाहरु र यस गाउँपालिका भित्र रहेका सबै सरकारी कार्यालयहरु संघ संस्था तथा गैर सरकारी संघ संस्थाहरु समेतले आफूले सम्पादन गर्ने कार्य तथा सम्पादन गरिएका कार्यहरुलाई तथा प्रवाह गरिने विकास निर्माण तथा सबै प्रकारका सेवाहरुलाई गुणस्तरीय विधि सम्वत गराउनका साथै चुस्त, दुरुस्त, पारर्दर्शी गर्न गराउन लागि यस निर्देशिका बमोजिम निम्न अनुसारका कार्यहरु गर्नु गराउनु पर्ने छ ।

### १.निष्पक्षता र पारर्दशिता कायम :

क.खिजीदेम्वा गाउँपालिका र अन्तर्गत रहेका सम्पूर्ण वडा कार्यालयहरु, बिषयगत शाखा, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा दर्ता भएका उजुरीहरुको सुनुवाई तथा उजुरीसँग सम्बन्धित कार्य प्राप्त गुनासो उपर प्रभावकारी रुपमा फस्यौंट गर्ने गराउने ।

ख.खिजीदेम्वा गाउँपालिका तथा मातहतका सम्पूर्ण कार्यालयहरुले संचालन गरेका योजना, विकास निर्माणका कार्यहरुमा समावेशि सिद्धान्तका आधारमा सम्बन्धित सेवाग्राहीहरुको आमभेला, सार्वजनिक सुनुवाई जस्ता कार्य गराई उपभोक्ताहरुलाई सु–सुचित गर्ने गराउने ।

ग.स्थानीय स्तरमा कार्यरत जनप्रतिनिधीहरु तथा कर्मचारीहरुले आफुले गर्ने कुनै पनि सार्वजनिक कार्य गर्दा निहित स्वार्थमा नपरि आम सर्वसाधरणको हितमा रहि सर्वसाधरणलाई सु–सुचित गराई निष्पक्षता, पारर्दशिता र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने गराउने ।

### २.गुणस्तरीयता, दिगोपना र सार्वजनिक वित्तीय स्रोतको अत्युत्तम प्रयोग :

क. यस खिजीदेम्वा गाउँपालिका भित्र संचालन हुने विकास निर्माणका कार्य तथा सेवा खरिद गर्दा सम्बन्धित निर्माणकर्ता एवं खरिदकर्तालाई सार्वजनिक खरिद ऐन अन्तर्गत रहि विद्यमान ऐन नियमावली तथा कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्य गर्ने गराउने ।

ख.कुनै पनि विकास निर्माण लगाएतका कार्यहरु उपभोक्ता समितिद्धारा गर्दा गराउदा खिजीदेम्वा गाउँपालिकाको उपभोक्ता समिति गठन तथा परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ अनुसार गर्ने गराउने ।

ग.उपभोक्ता समितिले आफुले सम्पन्न गर्ने गरी जिम्मेवारी लिएको कुनै पनि विकास निर्माणका कार्यहरु गर्दा विद्यमान सार्वजनिक खरिद ऐन, नियमावाली तथा तथा खिजीदेम्वा गाउँपालिकाको उपभोक्ता समिति गठन तथा परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम गर्ने तथा आफुले जिम्मा लिएको काम कुनै पनि निर्माण व्यवसायिलाई संझौता गरी काम जिम्मा नदिने ।

घ. उपभोक्ता समितीले काम गर्दा विद्यमान ऐन, नियम बमोजिम गर्ने अत्यावश्यक काममा डोजर तथा अन्य हेवी उपकरणहरुको प्रयोग गर्दा आवश्यकताका आधारमा प्राविधिकको सिफारिस अनुसार मात्र गर्ने गराउने व्यवस्था गर्ने ।

ङ.कुनै पनि योजनाको काम सम्पन्न भई सकेपछि फरफारक पूर्व स्थलगत रुपमा सम्बन्धित उपभोक्ताहरुको उपभोक्ता भेला गराई सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण गर्ने गराउने ।

च.स्थानीय स्तरमा विभिन्न विकास निर्माणका कार्य गर्न गठित उपभोक्ता समितिहरुको विवरण सम्बन्धित वडा तथा गाउँपालिका योजना शाखाले अभिलेख कायम गरी राख्ने व्यवस्था मिलाउने ।

छ. कुनै पनि योजनाको अनुगमन गर्ने अधिकार प्राप्त निकाय तथा समितिले योजनाको कामको बारेमा सुरु देखि अन्त्य सम्मको अनुगमन तथा मुल्यांकन गर्ने र सोको अभिलेख प्रतिवेदन योजनाको फरफारक अगाबै सम्बन्धित निकाय(खिजीदेम्वा गाउँपालिका)मा पेश गर्ने ।

**३.विद्यालय शिक्षामा गुणस्तरीयता पारदर्शिता, निष्पक्षता र जवाफदेहिता :**

क. यस खिजीदेम्वा गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षण संस्थाहरुको चल अचल सम्पतिको संरक्षण, परिचाल तथा शिक्षक नियुक्तीको प्रकिया, दैनिक प्रशासनिक कार्य तथा पठन पाठन लगाएतका शैक्षिक संस्थामा गरिने संम्पूर्ण गतिविधी तथा क्रियाकलापहरु विद्यमान ऐन, नियम, खिजीदेम्वा गाउँपालिकाको शिक्षा नीति तथा कार्यविधि बमोजिम कार्यहरु गर्ने गराउने व्यवस्था गर्ने ।

ख.आम सर्वसाधरण तथा सरोकारवालाहरुसंग महत्व राख्ने कुराहरु : विद्यालयको आय तथा व्ययको विवरण अभिभावक भेला गराई सार्वजनिक गर्ने तथा विद्यालयमा भए गरेका सबै क्रियाकलाप सहित विद्यालयको बर्तमान अवस्थाको बारेमा जानकारी गर्ने गराउने व्यवस्था गर्ने ।

ग.सम्पूर्ण विद्यालयहरुले आफ्नो वित्तिय कारोवार बैंकिङ प्रणाली मार्फत गर्ने गराउने ।

घ.शिक्षकहरु तथा कर्मचारीहरु सरुवा तथा अन्य कारणबाट कार्यालय छोडि अन्यत्र जादा अनिवार्य रुपमा आफूमा जिम्मेवारी रहेको नगद तथा जिन्सीहरु संम्बन्धित निकायमा बरबुजारत गर्ने गराउने व्यवस्था लागु गर्ने ।

ङ.खिजीदेम्वा गाउँपालिका अन्तर्गत संचालित बिद्यालयहरुमा शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा अनुगमन तथा नियमन गर्ने अधिकार प्राप्त निकायले प्रभावकारी रुपमा अनुगमन तथा नियमन गर्ने गराउने साथै गाउँ शिक्षा समिति तथा वडा शिक्षा समिति, बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभाक संघ तथा सरोकारवाला निकायहरुले आफ्नो कार्यलाई थप प्रभावकारी गर्ने ।

च.विद्यालय शिक्षामा गुणस्तरीयता, पारदर्शिता, निष्पक्षता र जवाफदेहिताको विकास गराउनका लागि खिजीदेम्वा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले सामुदायिक विद्यालयहरुको शैक्षिक तथा विद्यालय सुधार कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने गराउने ।

छ.कार्य अबधि समाप्त भई सकेका सवै सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभाबक संघहरुको नयाँ समिति गठन गर्ने कार्य विधिवत रुपमा ऐन, नियम बमोजिम गर्ने ।

**४.गैर सरकारी संस्थाहरुको अनुगमन तथा नियमन :**

क. खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र बनाई कार्यरत गैर सरकारी संघ संस्थाहरुले स्थानीय सरकार संचालन ऐन बमोजिम प्रत्येक आर्थिक बर्षाको बार्षिक कार्यक्रम गाउँ सभाबाट स्वीकृत गराएर मात्र कार्य गर्ने गराउने वा गाउँपालिकालाई जानकारी गराई स्वीकृती लिई कार्य प्रारम्भ गर्ने ।

ख.खिजीदेम्वा गाउँपालिका भित्र स्थापना भई संचालन भएका तथा खिजीदेम्वा गाउँपालिका भित्र आफ्नो कार्य क्षेत्र, सेवा क्षेत्र कायम गरी सार्वजनिक हितका क्षेत्रमा आफ्नो कार्य तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु सबैले आफ्नो सार्वजनिक सेवा तथा कार्यलाई ऐन, नियम विधि संवत रुपमा संचालन गर्ने तथा स्पष्ट, पारदर्शि तथा सुशासन भित्र सेवा प्रवाह गर्ने गराउने ।

ग.खिजीदेम्वा गाउँपालिका अन्तर्गत विभिन्न वडामा संचालिन गैर सरकारी संस्थाहरुको कार्यक्रमको प्रभावकारी अनुगमन तथा नियमन प्रत्येक वडा तथा गाउँपालिकाबाट गर्ने गराउने ।

**५.उपभोक्ता हितको संरक्षण :**

क. उपभोक्ता हितको संरक्षण गर्न खिजीदेम्वा गाउँपालिको बजार अनुगमन कार्यविधि बमोजिम गठित बजार अनुगमन तथा नियमन समितिलाई सक्रिय बनाई बजारमा हुने ठगी तथा कालोबजारीलाई नियन्त्रण गर्ने गराउने ।

ख.उपभोक्ता हितलाई मध्यनजर गर्दै गाउँपालिका भित्रका प्रत्येक वडामा वडा तथा टोलबस्ती बजार क्षेत्रमा आवश्यकता अनुसार अनुगमन का लागि बजार अनुगमन समिति बनाई उक्त समितिलाई सक्रिय गर्ने गराउने ।

**६. वन जंगल, नदि जलस्रोत तथा खनिज पदार्थ ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाको संरक्षण तथा संवर्द्धन :**

क. खिजीदेम्वा गाउँपालिका भित्रबाट बग्ने नदी तथा खोलाबाट अनियन्त्रित रुपमा बालुवा तथा गिट्टी जस्ता नदीजन्य पदार्थहरु उत्खनन तथा प्रयोग गर्दा ठेक्का प्रकृयाबाट छनौट गरी निश्चित विधि र प्रकृयाबाट मात्र उत्खनन गर्ने कार्य सम्बन्धित वडा तथा गाउँपालिकाले गर्ने गराउने ।

ख. अनुमति विना वा नवीकरण नगराई बालुवा खानीबाट झिक्ने तथा रोयल्टी/राजस्व नबुझाउने व्यवसायीलाई दण्ड जरीवाना तथा कालोसूचिमा राख्ने ।

ग.ढुंगा, गिट्टी तथा बालुवा जस्ता नदीजन्य पदार्थ एवं निर्माणमुखी खनिज पदार्थको उत्खनन तथा प्रयोग गर्दा निश्चित कार्यविधि बनाई कार्यान्वयन गर्ने गराउने र सोको व्यवस्थित अभिलेख राख्ने ।

घ.खिजीदेम्वा गाउँपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्विक सम्पतिहरु, मठ, मन्दिर, धारा, पोखरी, जस्ता ऐतिहासिक सम्पदाहरुको संरक्षण, संवर्द्धन र सम्भार गर्ने गराउने ।

ङ.राष्ट्रिय वन, सामुदायिक वन लगाएतका वनजंगलको संरक्षणका साथै बन्यजन्तु एवं पशुपंक्षीको बासस्थानमा प्रतिकुल असर नपर्ने गरी विकास निर्माण लगाएत वन पैदावारको उपयोग गर्ने व्यवस्था गर्ने गराउने ।

च. सामुदायिक वन उपभोक्ता समितिको नियमति गठन, अनुगमन तथा नियमन गर्ने गराउने ।

छ. सामुदायिक वन उपभोक्ता समितिले वन ऐन, वन कार्य योजना बमोजिम आफ्नो कार्य गर्ने

ज. सामुदायिक वन उपभोक्ता समितिले सम्बन्धित वन उपभोक्ताहरुको भेला गराई बार्षिक आय-व्ययको विवरण सार्वजनिक गराउने ।

**७.सहकारी संस्था संचालन, व्यवस्थापन तथा नियमन :**

क.खिजीदेम्वा गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरुले प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र अनिवार्य रुपमा आर्थिक लेखा परिक्षण गराई आफ्नो आय र व्ययको विवरण गाउँपालिका समक्ष पेश गर्ने गराउने ।

ख. सहकारी संस्था एक आर्थिक विकासको संवाहकको रुपमा रहने हुदाँ तीनिहरुको संचालन, व्यवस्थापन र नियमन सम्बन्धमा राष्ट्रिय सहकारी ऐन, २०७४ खिजीदेम्वा गाउँपालिकाको सहकारी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

ग. सहकारी संस्था संचालन तथा व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहको भएको हुँदा गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुका पदाधिकारीहरुलाई थप सक्षम र कार्य सम्पादन प्रभावकारी बनाउन सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाले प्रभावकारी अनुगमन तथा मुल्याकंन गर्ने गराउने

**८.फोहोरमैला व्यवस्थापन :**

क. खिजीदेम्वा गाउँपालिकालाई स्वच्छ र सुन्दर गाउँपालिकाको रुपमा निर्माण गर्नका लागि गाउँपालिका वडा कार्यालयहरु,स्वास्थ्य संस्थाबाट उत्सर्जन हुने फोहोरमैलाको वर्गिकरण, प्रभावकारी व्यवस्थापन तथा त्यसको उपयोगिता सम्बन्धि कार्यविधि बनाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

ख.प्रत्येक वडा तथा टोल सुधार समितिले आ–आफ्नो क्षेत्रलाई स्वच्छ सफा राख्न सवैलाई प्रोत्साहित गर्ने गराउने ।

**९.लौङ्गिक हिंसा न्यूनिकरण तथा निर्मूल :**

क.खिजीदेम्वा गाउँपालिका भित्र विद्यमान लौङ्गिक हिंसा न्यूनिकरण तथा निर्मूल गर्नका लागि लौङ्गिक हिंसा न्यूनिकरण कार्यविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

१०. गाउँ सभाबाट नेपालको संविधानले तोकेको मितिमै बजेट पारीत गरी कार्यान्वयन गर्ने गराउने ।

११. खिजीदेम्वा गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी जग्गाको संरक्षण गर्नका लागि सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाले प्रभावकारी रुपमा कार्य गर्ने गराउने । साथै कुनैपनि सरकारी कार्यालय तथा शैक्षिक संस्थाहरुले आफ्नो अधिकार एवं स्वामित्वमा रहेको चल अचल सम्पतिको विधि संवत रुपमा उच्चतम फाइदा पुग्ने गरी उपयोग गर्ने गराउने व्यवस्था गर्ने ।

१२.खिजीदेम्वा गाउँपालिकाका सम्पूर्ण विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक कर्मचारीहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको स्थानीय तहको दरवन्दी संरचनाको आधारमा खिजीदेम्वा गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि बमोजिम सार्वजनिक सूचना प्रकाशन गरेर खुल्ला प्रतिस्पर्धाको आधारमा मात्र गर्ने गराउने ।

१३.खिजीदेम्वा गाउँपालिकाका सम्पूर्ण सवारी साधनहरु संचालन गर्दा सरकारी सवारी साधन संचालन कार्यविधि बमोजिम उचित संरक्षणका साथ संचालन गर्ने, सवारी चलाउदा अनिवार्य रुपमा लगबुक राख्ने, सवारी चलाउदा कार्यालयबाट पूर्व स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने ।

१४.खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्र रहेका साविकका गाउँ विकास समितिहरुका महत्वपूर्ण कागजातहरुलाई संकलन र अभिलेख व्यवस्थापन गर्ने र त्यसको सुरक्षा गर्ने कार्य वडा कार्यालय तथा गाउँपालिकाले गर्ने गराउने ।

१५.अधिकार प्राप्त निकाय तथा कार्यालयले आ–आफ्नो कार्य क्षेत्र भित्र पर्ने राजस्व असूलि कार्यलाई समयमानै असूल उपर गर्ने गराउने व्यवस्था गर्ने गराउने ।

१६. सामाजिक सूरक्षा भत्ता, जन्म, मृत्यु,विवाह, वसाईसराई आदि सामाजिक सुरक्षा तथा पञ्जिकाधिकारीसंग सम्बन्धित कार्यहरुलाई अभिलेख कायम गरी सोका अभिलेखलाई अध्यावधिक गरी गराई सार्वजनिक गर्ने गराउने ।

१७. गाउँपालिका भित्र रहेका सवै सुरक्षा निकायहरुले शान्ति सुरक्षा, अमनचयन कायम गर्ने तथा आफ्नो जिम्मेवारीको कार्य सम्बन्धि कार्यहरु पूर्ण जिम्मेवारीका साथ नागरिक वडापत्र सहित कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउने ।

१८. लागुपदार्थ सेवा एवं दुव्यसनी जस्ता कानुनले बर्जित गरेका क्रियाकलापहरु घरेलु हिंसा लैङ्गिक, जेष्ठ नागरीक अपाङ्गता भएका व्यक्ति बालबालिका लगाएतका सामाजिक रुपमा पछाडी परेका व्यक्तिहरुप्रति अपहेलना नगर्न नगराउने व्यवस्था गर्ने ।

१९. यस निर्देशिका र विद्यमान ऐन, कानुन कार्यविधिको पालना भए नभएको प्रतिवेदन तयार पारी खिजीदेम्वा गाउँपालिकामा पेश गर्ने गराउने कार्य खिजीदेम्वा गाउँपालिकाको हुनेछ ।